७. कर्मचारी प्रशासन सम्वन्धि व्यवस्थाहरु तपशिल रहेको देखिन्छ।

७.१ साधारण सभावाट पारित कर्मचारी प्रशासन सम्वन्धि नियमावली रहेको देखिन्छ।

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको देखिन्छ।

७.३ भर्ना प्रकृया पारदर्शिता र प्रतिस्पर्धि भएको देखिन्छ।

७.४ कार्यरत कर्मचारीहरु र कार्यवोभ्ह बिच तादम्यता रहेको देखिन्छ।

७.५ व्यवस्थापन प्रमुखको योग्यता र दक्षता सम्बन्धि विवरण : यस सस्थाको व्यवस्थापन सम्बन्धमा सस्थाको २ वटा सेवाकेन्द्र र १ वटा मुख्य कार्यालय रहेको छ। सेवाकेन्द्रले आर्थिक कियाकलापमा सहभागी रहेको र मुख्य कार्यालय व्यवस्थित रुपले सन्चालन गर्न नसकिरहेको अवस्थामा सेवा केन्द्र प्रमुखको योग्यता र दक्षता तपशिल बमोजिम रहेको छ।

क. सेवाकेन्द्र तुलसीपुर-५, दाङ

नाम : गिवा डाँगी

योग्यता : वि.एड

ख. सेवाकेन्द्र घोराही-१५, दाङ

नाम : सविता चौधरी

योग्यता : वि.वि.एस

: १८ महिने कम्प्युटर

७.६. कर्मचारीहरुको भर्ना प्रकिया र संख्या : सस्थाको कर्मचारीको भर्ना मानव संसाधन व्यवस्थापन कार्यविधि २०७९ अनुसार खुला विज्ञापन अनुसार लिखित, मौखिक तथा प्रयोगात्म विधि अनुसार भर्ना गरिएको छ। संख्या तपशिल रहेको छ।

७.६.१ करार : ९ जना

७.६.२ अस्थाइ : ८ जना

७.६.३ स्थाइ : ० जना

८. लेखा समितिले यस अघि दिइएको प्रतिबेदन बमोजिमका सुभ्हाबहरुको कार्यन्वयनको अवस्था सन्तासजनक रहेको छ।

९. लेखा समितिका सुझावहरु :

९.१. यस सस्थाले सेवाकेन्द्र संन्चालन गरिरहेको हुदा मुख्य कार्यालय व्यवस्थापन गरी शेयर तथा विभिन्न किसिमका कोषहरु व्यवस्थापन गरी संन्चालन गर्नु पर्ने।

९.२ सस्थाले आफ्ना शेयर सदस्यहरुलाइ छिटो, छरितो र चुस्त सेवा प्रदान गर्न सुचना तथा प्रविधिको प्रयोग गर्नु पर्ने।

९.३ ऋण अशुलीलाई प्रभावकारी बनाउन विभिन्न किसिमको ऋण अशुली कार्यक्रम ल्याउनु पर्ने।

लेखा सुपरिवेक्षण समितिको तर्फ वाट प्रतिवेदन पेश गर्न पाउदा अत्यन्त खुसी लागेको छ। हाम्रो समितिले प्रभावकारी का गर्न नसकेको सत्य हो यस लेखा सुपरिवेक्षन समितिमा संलग्न सदस्यहरु सवै पेशागत रुपमा रहेको त्यसमा पनि नेपाल सरकारको जागिरमा रहेको हुदा हाम्रो ऐन र नियमावली अन्तरगत सहकारी सस्थामा का गर्न असुविधा भएको हो विगत २ वर्ष देखि यो असुविधा हामिले भोगिरहेका थियौ। १४ औ वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको गठन गर्दा यस पक्षमा आदरनिय सेयर सदस्यले ध्यान दिनुहुनेछ भन्ने कुरामा विश्वास व्यक्त गर्दछौ। यस ४ वर्षको कार्यकालको अवधिमा सन्चालक समिति, लेखा सुपरिवेक्षन समिति ऋण, उपसमिति, सेयर सदस्यहरु र कर्मचारी बाट पर्याप्त सहयोगको लागि धन्यवाद दिदै १४ औं वार्षिक साधारण सभा भव्य र सव्यका साथ सु-सम्पन्न हुनेछ भन्ने सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ,जय सहकारी

इश्वरी के.सी
संयोजक

TULSIPUR SUB-METROPOLITAN CITY-5, DANG
Telephone: +977-82-522870 Mobile: +977-9857822177
Email: babasvcoop@gmail.com

## १४ औं वार्षिक साधारण सभा समक्ष संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

## लेखा संयोजकको प्रतिवेदन २०८१/०८२

१४ औं वार्षिक साधारणसभा उद्घाटन समारहको सभाध्यक्ष तथा संस्थाको अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि ज्यू, संचालक समिति, लेखा समिति, ऋण उपसमिति, शेयर धनि सदस्य ज्यू, बाबा सहकारीको कर्मचारी मित्रहरु, तथा सुभचिन्तक मित्रहरु, बाबा सहकारीको तर्फवाट सवैलाई लेखा सुपरिवेक्षण समितिको संयोजकको हैसियतले यहाँहरु सवैमा लेखा सुपरिवेक्षण समितिको तर्फवाट सवैलाई सहकारी अभिनन्दन गर्न चाहन्छु । जय सहकारी ।

हरेक बर्ष संस्थाको कारोवारमा उतारचढाब भैरहेको अवस्थामा सम्पूर्ण कारोवारको परिक्षण गर्न सम्भव नदेखिएकोले संचालक समिति र व्यवस्थापन समुह र आन्तरिक लेखापरीक्षक व्यवस्था गर्न सुझाए अनुसार लेखापरीक्षक करार गरी कारोबारको बिस्तृत लेखापरिक्षण भैरहेको छ र आन्तरिक लेखापरिक्षकले औंल्याएका कैफिएतहरुलाई समेत विस्तृत विश्लेषण समिक्षा गरी सुधारको लागि व्यवस्थापनलाई समय समयमा सुझाबहरु दिँदै आएका छौ ।

हरेक महिना र त्रैमासिक रुपमा लेखा समितिबाट कारोबारको छनौट विधिअनुसार संस्थाको कारोबार दुरुस्त राख्न व्यवस्थापन तथा कर्मचारीहरुलाई समय समयमा आवश्यक सल्लाह,सुझाव तथा निर्देशन दिँदै आएका छौं । यस आर्थिक वर्षमा कारोबारको वृद्धिलाई मध्यनजर राखि लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रभावकारी रुपमा निरीक्षण र अनुगमन नियमित रुपमा गरेका छौ, साथै आगामी दिनहरुमा समेत उक्त कार्यलाई निरन्तरता दिने अव आउने लेखा सुपरिवेक्षण समितिले गर्ने छ भन्ने विश्वास व्यक्त गर्दछौं । संस्थाको आर्थिक तथा वित्तिय अवस्थाहरु बाह्यलेखा परीक्षककाे प्रतिवेदनबाट समेत स्पष्ट भइसकेको छ ।

१. १३ औं वार्षिक साधारणसभाका निर्णयहरु मूलत कार्यन्वयन गरेको देखिन्छ तर प्रभावकारी कार्यन्वयनका लागी शेयर सदस्य शिक्षा, कर्मचारहरुमा विषयगत तालिमको व्यवस्था र संचालकहरुमा पनि समय सापेक्ष तालिम गरी आफ्नो कार्यलाइ उन्नत गर्नु पर्ने छ ।

२. आ.व.०८१/०८२ मा बैठक हरु तपशिल रहेको पाइयो ।

क. सन्चालक समितिको नियमित बैठक संख्या १२

ख. लेखा सुपरिवेक्षण समितिको बैठक संख्या ४

ग. ऋण उपसमितिको बैठक संख्या १२

घ. व्यवस्थापन समिति बैठक संख्या १२

ङ विशेष संचालक समितिको वैठक ३

बैठकहरु नियमित भएको देखिन्छ । यदपि कार्यन्वयनको अवस्था प्रभावकारी हुन नसकेको देखिन्छ । समिति तथा उपसमितिहरुले निर्णय हरु गरेर कार्यन्वयनहरुको प्रभावकारी गर्ने र त्यसको नियमित मूल्यांकन समिक्षा आवश्यक छ ।

३. ऋण लगानिको प्रकृया सस्थाको निर्धारित कार्यविधि अनुसार देखिन्छ । ऋण लगानी गर्दा ऋणको लागी गरीएको सुरक्षण वा धितो मूल्यांकन को प्रकृया प्रभावकारी बनाउन सस्थागत मुल्यांकन गर्न आवश्यक देखिन्छ ।

४. सहकारी बिभागबाट जारी गरिएका मापदण्डहरु, निति तथा निर्देशनहरु प्रभावकारी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

५. सहकारी कार्यालय, विभाग वा सम्वन्धित संघले अनुगमन गरी दिएको प्रतिवेदन निति निर्देशन कार्यान्वयन गर्नका लागी यस आ.व. त्यस्तो अनुगमन तथा निर्देशन सस्थागत रुपले नदिएको पाइयो ।

६.संचालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापन प्रमुखको, भत्ता र अन्य सुविधाहरुको विवरण तपशिल रहेको पाइयो ।

६.१ पारिश्रमिक : नरहेको

६.२ भत्ता : रु.५२,०००।- (अक्षरेपी रु वाउन्न हजार रुपैया मात्र ।)

६.३ अन्य सुविधाहरु : नरहेको

६.४ व्यवस्थापन प्रमुखको पारिश्रमिक : नियम र प्रकृया अनुशार रहेको छ ।